## बडीमालिका नगरपालिका ११ औं नगर सभामा प्रस्तुत
## आर्थिक वर्ष २०७९/८० को नीति, कार्यक्रम तथा बजेट

बडीमालिका नगरपालिकाको गरिमामय नगरसभामा उपस्थित नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण, वडाका वडाअध्यक्षज्यू, कार्यपालिकाका सदस्यज्यू, सञ्चारकर्मी, कर्मचारी मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावज्यूहरूमा हार्दिक न्यानो अभिवादन ।

बडीमालिका नगरपलिकाको नगर प्रमुखको हैसियतले यस सम्मानित सभासमक्ष आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनका लागि बलिदान गर्नु हुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता,स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि संघर्ष गर्नु हुने महान नेपाली जनताप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

आज हामी ऐतिहासिक घडीमा छौं । वर्तमान अवस्थामा राज्य आर्थिक मन्दीले शिथिल भइरहेको छ । देशको आर्थिक मन्दीले तीनै तहको सरकारलाई जनउत्तरदायी बजेट निर्माण गर्न चुनौति रहेको समयमा बडीमालिका नगरपालिकामा विगतको सरकारद्धारा सिर्जित आर्थिक दायित्वले नव निर्वाचित स्थानीय सरकारलाई नीति, कार्यक्रम तथा बजेट मार्फत जनआकांक्षा संवोधन गर्नु चुनौतिको विषय भएको छ । यस विषम परिस्थितिमा वर्तमान नगरसरकारले आ.व. ०७९/८० को नीति तथा कार्यक्रम मार्फत सिङ्गो नगरपालिकाको विकास, समृद्धि र सुशासन कायम गरी नगरको भाग्य र भविष्य निर्माण गर्नमा हामी सबैलाई चुनौती थपिएको छ ।

**आदरणीय सम्पूर्ण नगर सभा सदस्य ज्यूहरू,**

अव म आगामी आर्थिक वर्ष २०७९/०८०.का लागि विषयगत क्षेत्रतर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु

### १.आर्थिक विकास क्षेत्र

#### कृषि तथा पशुपालन

- **"आर्थिक समृद्धिको पहिलो आधार, कृषि"** भन्ने मूल नाराका साथ नगर क्षेत्रको कृषि सम्भाव्यता अध्ययन गरी माटो, जलवायु सुहाउँदो खेती प्रणालीको विकास,कृषि उत्पादन उत्पादकत्व वृद्धि गर्न कृषिलाई व्यावसायिक, आधुनिक तथा प्रविधियुक्त बनाई बजारीकरणको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन नीति अवलम्बन गरी कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायसँगको साझेदारीमा कृषि क्षेत्रको विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- **"एक गाउँ, एक नमुना कृषि उत्पादन"** कार्यक्रम अन्तरगत कृषि पकेट क्षेत्र निर्धारण गरी कृषिजन्य वस्तुको उत्पादनमा बढोत्तरी गरी खाद्यान्नमा आत्मनिर्भर वनाइनेछ । स्थानीय उत्पादनको वजार सम्भाव्यता अध्ययन गरी स्थानीय कृषि उपजको निर्यातलाई प्रोत्साहन गरिनेछ ।
- दुध तथा दुग्धजन्य वस्तुको उत्पादन वृद्धिका लागि विशेष नीति अबलम्वन गरी उन्नत जातका पशुपालन व्यवसायमा जोड दिइनेछ । कृषकले उत्पादन गरेका दुधको बजार सुनिश्चिततताको लागि दुग्धजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- पशु नस्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम, स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था, आहारका लागि घाँस खेतीको कार्यक्रम सञ्चालन गरिनेछ ।

- बाँझो जमिन, सामुदायिक वन र अन्य सडक किनार आसपास र खुला क्षेत्रमा डालेघाँस तथा भुईघाँस खेती गरी पशुपालन व्यावसायीलाई थप मजवुत वनाइनेछ।
- उपभोक्तालाई गुणस्तरीय उपभोग्य बस्तु उपभोगको सुनिश्चित गर्न नगरपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट व्यावसायीहरूलाई कानूनी दायरामा ल्याई नियमन गरिनेछ।
- नगरपालिकाका सरोकारवाला निकाय तथा कृषकहरूको आमभेलावाट प्राथमिकता प्राप्त वालीको छनौट गरी ति वालीहरूको न्यूनतम समर्थन मूल्य मार्फत बजारीकरणको सुनिश्चता गरिनेछ।
- प्रदेस सरकार र नगरपालिकाको साझेदारीमा मार्तडी बजारमा निर्माणाधीन कोल्ड स्टोर सहितको एकिकृत कृषि वजारको निर्माण कार्य समयमै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।
- कृषि उत्पादनको प्रचारप्रसार बजारीकरण एवम्म् कृषि उत्पादनको व्यवस्थित विक्री वितरणका लागि महिनाको एक दिन कृषि हाटवजार सञ्चालनको नीति लिइनेछ।
- कृषि प्रदर्शनी मेला,उत्कृष्ट कृषकलाई **कृषि पुरस्कारद्धारा** पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- प्रदेस सरकार र नगरपालिकाको साझेदारीमा बैंक तथा वित्तीय संस्थावाट कृषकहरूलाई सहुलियत ब्याजदरमा कृषि कर्जा उपलव्ध गराउन पहल गरिनेछ।
- नगरपालिकालाई वीउ विजन/वेर्ना, फलफूल विरूवामा आत्मनिर्भर वनाउन बिउ बेर्ना नर्सरी स्थापना गरिनेछ।
- पालिकाका किसानहरूको कृषि क्षेत्रको सिकाईकेन्द्रको रूपमा विकास गर्न पालिका स्तरमा सहकारी, निजी, कृषक समूह, बैंक तथा वित्तीय संस्था, र गैरसरकारी संस्थाको संयुक्त साझेदारीमा "कृषि उत्कृष्टता केन्द्र" स्थापनाका लागि पहल गरिनेछ।
- प्रत्येक वडामा स्थानीय कुखुरा फर्म स्थापना गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ।
- गुणस्तरीय लोकल कुखुराको मासुजन्य उपभोगमा आम उपभोक्ताको सरल सहज पहुँच स्थापित गरिनेछ।
- सम्भाव्याताका आधारमा भेडा, वाखा, कुखुरा, भैंसी, माछा पालन व्यवसायलाई व्यावसायिक वनाई थप व्यवस्थित वनाउन कृषकहरूलाई प्रोत्साहन गरिनेछ।
- जग्गा भाडामा लिएर कृषि व्यावसाय गर्न चाहने कृषकलाई जग्गा भाडा वापतको रकम अनुदान मार्फत उपलव्ध गराइनेछ।
- किसानहरूलाई सूचिकृत गरी किसान परिचयपत्र वितरण गरिनेछ। परिचयपत्रका आधारमा मल, वीउ तथा अन्य कार्यक्रमका लागि दिईने अनुदानलाई अनलाईन मार्फत व्यवस्थित वनाइने छ।
- रैथाने वालीको संरक्षण, प्रवर्द्धन र वजारीकरण मार्फत कृषकहरूको आयआर्जनमा वृद्धि हुने गरी सवै वडामा रैथाने वाली संरक्षण, प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।
- पहाडी रैथाने बालीको प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी कार्यालयको कार्यक्रममा खाजा, खाना तथा नास्ताको रूपमा प्रयोग गर्ने नीति लिइनेछ।
- रैथाने बाली अन्तरगत कोदोलाई स्थानीय रैथाने ब्राण्डको रूपमा **"कोदो उत्पादन देखि विस्कुट उत्पादन कार्यक्रम"** कार्यक्रम सञ्चालन गरिनेछ।
- **''फलफूल रोपौं, कृषक पेन्सन कार्यक्रममा सहभागी बनौं''** अभियानका साथ फलफूल खेतीमा व्यवसायिकता ल्याउन २०७९-२०८९ लाई फलफूल दशक घोषणा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

- कृषि उपज लगायतका उत्पादनलाई ढुवानी, बजारीकरणमा सहयोग गर्ने सम्वन्धित पक्षसँगको साझेदारीमा कृषि एम्बुलेन्स सेवा सुरू गरिनेछ ।
- **''स्वरोजगार युवाको सम्मान, नगरवासीको पहिचान''** भन्ने अभियानका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कृषि व्यवसायमा संलग्न गरी बेरोजगार युवाहरूका लागि रोजगारी सृजना गरिनेछ ।
- स्थानीय उत्पादनलाई उपभोगमा प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।
- हाल आयातित खादाविस्थापितगरी फूल खेती अभियानलाई अगाडि बढाइनेछ । स्वागत तथा सम्मान कार्यक्रममा फूल तथा दुवोको माला प्रयोगमा जोड दिइनेछ ।
- बाँझो जमिनलाई सदुपयोग गर्ने नीति लिई कृषि तथा पशु ब्यवसायको प्रवर्द्धन गरिनेछ ।
- पोषण तथा खाद्य सुरक्षाको सुनिश्चित गर्न **कृषि पोषण तथा खाद्य सुरक्षा रणनीति** तयार गरि लागु गरिनेछ ।

**संस्कृति तथा पर्यटन प्रवर्द्धन**

- नगर क्षेत्रभित्रका धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूका संरक्षणको नीति अवलम्बन गरिनेछ ।
- नगरअर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बृद्धि गर्न सम्भाव्य पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय स्थान र उपजमा विविधीकरण, प्रचार प्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटनको आवगमन बढाइनेछ । आ व २०७९/८० लाई**''बडीमालिका यात्रावर्ष २०७९''** का रूपमा मनाइनेछ ।
- ''स्थानीय बाजा संरक्षण कार्यक्रम'' सञ्चालनमा ल्याइनेछ । स्थानीय नौमती बाजा र पोषाकसहित साँस्कृतिक समूह निर्माण गरिनेछ ।
- बडीमालिका नगरपालिकाको ऐतिहासिक कला, संस्कृति, पर्व, बाजा, संस्कार, भेष भूषा पहिचान हुने गरी साँस्कृतिक सङ्ग्रालय स्थापनागरी पर्यटन प्रबर्द्धन गरिनेछ ।
- बडीमालिका नगरपालिकाको महत्वपूर्ण पर्यटकीय स्थानहरू विरेखोला झरना, बडीमालिका मन्दिर उपरकोट, कालाजग्रा पर्यटकीय क्षेत्र, दहडाँडा, जाल्पादेवी मन्दिर क्षेत्र, त्रिवेणी पाटन लगायत सुन्दर तथा धार्मिक स्थानको संरक्षण, प्रबर्द्धनका साथै पर्यटन पूर्वाधारको विकास गरिनेछ ।
- बडीमालिका वडा नं ८ स्थित रानी वनलाई हरित पार्कका रूपमा विकास गर्दै ध्यान एवम्म योग केन्द्र सञ्चालन गर्न पहल गरीनेछ ।
- **"बडीमालिका नगर चिडियाखाना" (Zoo)** निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सम्भाव्यता अध्ययनका आधारमा चिडियाखाना बनाउन आवश्यक पहल गरिनेछ ।

**उद्योग, व्यापार व्यवसाय,सहकारी तथा वित्तिय क्षेत्र**

- स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरूको स्थापना विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यावसायिक,सीपमूलक तालिमहरूको व्यवस्था मिलाइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकारको औद्योगिक ग्रामको स्थापना गर्ने नीति अनुसार बडीमालिका नगरपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- नयाँ लघु उद्यमी सिर्जना गर्ने, पुनर्ताजकीय सीप विकास तालिम सञ्चालन गर्ने र प्रविधि हस्तातरण गर्ने जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

- नगरपालिकास्तरीय औद्योगिक नीति तर्जुमा गरी ठूला उत्पादनमूलक उद्योगहरूको स्थापना गर्न सार्वजनिक नीजि साझेदारीलाई आत्मसात गरिनेछ
- युवाहरूलाई उद्यमशीलता विकासमा आवद्ध गर्न **उद्यम विकास** रणनीति तर्जुमा गरिनेछ ।
- उद्योग बाणिज्य संघ लगायत विभिन्न सामाजिक संघसंस्थारूसँगको सहकार्यमा व्यावसायिक हक हित, बजार व्यवस्थापन प्रवर्द्धन गरिनेछ ।
- बडीमालिका नगरपालिका भित्र दर्ता नगरी व्यवसाय गर्ने व्यवसायीहरूलाई दर्ता प्रक्रियाका लागि आह्वान गरी कानुनी दायरामा ल्याइनेछ । कालो बजारीको नियमन गरी कानुन विपरीत व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई कानूनी दायरामा ल्याइनेछ ।
- सहकारी मार्फत उद्यमशीलता विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- सहकारी क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्न लेखा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ । सहकारीहरूलाई कोपोमिसममा आबद्ध गर्न आवश्यक पहल गरिनेछ ।
- कृषि सहकारीमा जोड दिने नीति अनुरूप कृषियोग्य भूमिको चक्लाबन्दि गरी सहकारी मार्फत कृषि व्यवसाय सञ्चालन गरिनेछ ।

**२. पूर्वाधार विकास**

- दिगो, गुणस्तरीय, पर्यावरण अनुकुल भौतिक पूर्वाधार विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- विकास निर्माणमा सरोकारवालाको सहभागिता गराउदै जनसहभागिता सुनिश्चित गरी सहभागितामूलक विकास नीति अवलम्बन गरिनेछ ।
- विकास निर्माणलाई प्रभावकारी बनाउन वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- विकास निर्माणमा जनश्रमदान बाहेक नगरपालिकाबाट श्रमिकलाई भुक्तानीहुने रकम श्रमिककै बैङ्क खातामा भुक्तानी हुने व्यवस्था मिलाइने छ ।
- उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरूरूको हकमा हालसम्म अग्रेजी भाषाबाट बन्दै आएका विकास आयोजनाको लागत इस्टमेट नेपाली भाषामा बनाईनेछ ।
- निर्माणाधीन बडीमालिका चक्रपथको स्तरोन्नति एवम्म् विस्तार कार्यलाई तिव्रता दिइनेछ ।
- विकास आयोजनाहरूको गुणस्तर कायम गर्न गुणस्तर परीक्षण ल्याव स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- विकास निर्माण योजनाहरूलाई पारदर्शी र जवाफदेही बनाउन विद्युतीय वोलपत्रको माध्यमवाट कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
- सामुदायिक भवन लगायतका पूर्वाधार निर्माण सम्वन्धी योजनाहरूमा जग्गा स्वामित्व एवम् भोगाधिकार सम्वन्धी प्रमाण पेश भए पश्चात मात्र योजना सम्झौता गर्ने नीति अवलम्बन गरिनेछ ।
- जिल्लाकै प्रमुख राजमार्गलाई बैकल्पिक राजमार्गका रूपमा विकास गर्न थामलेक मार्तडी सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी निर्माण कार्यमा तिव्रता दिन पहल गरिनेछ ।
- दिगो, सुन्दर, व्यवस्थित, बैज्ञानिक शहरीकरणका लागि राष्ट्रिय भवन निर्माण संहिता, बडीमालिका नगरपालिकाको **"भवन निर्माण सम्वन्धी मापदण्ड २०७७"** पूर्ण रूपमा लागु गरिनेछ ।

- नक्सापास विना घर वनाउने कार्यलाई निरूत्साहित गरिनुको साथै मापदण्ड अनुसार घर निमार्ण गर्न प्रोत्साहन गरीने छ ।
- आर्थिक वर्ष २०७८।७९ वाट सुरूवात गरिएका खरको छानामुक्त घर निर्माण अभियानलाई साकार पार्न संघीय तथा प्रदेश सरकारसँगको साझेदारीलाई निरन्तरता दिइनेछ ।
- भूकम्पिय जोखिमलाई मध्यनजर गर्दै भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्ने प्रावधान कडाइका साथ लागु गरीनेछ ।
- निर्माण क्षेत्रमा कार्यरत जनशक्तिहरूका लागि आवश्यक तालिम एवम्‌ जोखिम न्यूनीकरण गर्न दुर्घटना विमाको व्यवस्था गरिनेछ ।
- नगर गौरवका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार, प्रदेश सरकार साथै अन्य दातृ निकायहरूसँग साझेदारीमा निर्माण कार्य पूरा गर्न आवश्यक पहल गरिनेछ ।
- नगरक्षेत्र भित्र विद्युत सेवा नपुगेका क्षेत्रहरूमा विद्युत लाइन विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी व्यवस्था मिलाइनेछ ।
- मार्तडी बजार क्षेत्रमा हुन सक्ने चोरी, डकैति जस्ता अपराधिक गतिविधि न्यूनिकरण गर्न सिसि टिभि क्यामेरा तथा विद्युत प्राधिकरणको साझेदारीमा स्मार्ट बत्ती जडान गरिने छ ।
- कोर्धिगाड साना जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन सुरू गरिनेछ ।
- मार्तडी बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैलाको दिगो, बैज्ञानिक व्यवस्थापन गर्न ल्याण्डफिल साइटको ब्यवस्था गरी दिगो फोहोर ब्यवस्थापन गरिनेछ ।
- मार्तडी बृहत खानेपानी ब्यवस्थापनलाई सुधारमा ल्याई हालको खानेपानीको समस्या समाधान गरिनेछ ।
- बजार क्षेत्रमा रहेका अव्यवस्थित ढल निकास,अस्तव्यस्त खानेपानी पाइपलाइनको व्यवस्थापन गरी शहरको सुन्दरतामा बृद्धि गरिनेछ ।
- पूर्वाधार विकास निर्माण आयोजना (सडक, खानेपानी) लाई बातावरणमैत्री बनाउन सम्भावित जोखिमयुक्त क्षेत्रमा बायो इन्जीनियरीङ्ग प्रविधिको पूर्ण रूपमा अवलम्बन गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक कामकाजमा सहजता ल्याउन प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- निर्माणाधिन स्वास्थ्य चौकी,शहरी स्वास्थ्य केन्द्रका भौतिक संरचनाको मर्मत सम्भार एवम्‌ स्तरोन्नति गरिदै लगिनेछ ।
- वडाको प्रशासनिक सेवा प्रवाहमा सहजता ल्याउन सुविधा सम्पन्न, अपाङ्गमैत्री वडा कार्यालय प्रशासनिक भवन निर्माण कार्य आगामी ३ वर्षसम्म सम्पन्न हुनेगरी प्रकृया अगाडि बढाइने छ ।
- नगरका गौरवका आयोजनाहरू छनौट एवम्‌ प्राथमिकिकरण गरीनिर्माणका लागि **नगर विकास गुरूयोजना** संशोधन गरी कार्यान्वयन गरिनेछ ।
- नगर स्तरका गौरवका आयोजनाहरूलाई आयोजना बैकको रूपमा विकास गरी कार्यान्वयन गर्दै लगिनेछ ।

**सञ्चार तथा सूचना प्रविधि :**

- सूचना प्रवाह, आन्तरिक समन्वयलाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि, विषयगत शाखा, मातहतका कार्यालयहरूलाई एकैसाथ सूचना प्रबाह हुनेगरी **"ई-सम्पर्क"** सयन्त्रको विकास गरिनेछ ।
- "प्रविधिमैत्री प्रशासन,विकास समृद्धि र सुशासन" नारालाई साकार पार्न पेपरलेस बडीमालिका सरकारको अवधारणा अंगिकार गरिनेछ ।
- नगरपालिकाको संस्थागत जवाफदेहीता अभिबृद्धि गर्न टोल फ्री नंबर,अडियो नोटिस बोर्ड, नगरपालिकाको वेबसाइट, मेल, एप्स, sms प्रणाली, फेसबुक, ट्वीटर पेजलाई प्रभाकारी रूपमा सञ्चालन गरी तत्काल सुझाब संकलन तथा गुनासो सुनुवाईका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ ।
- बडीमालिका नगरपालिकालाई कार्यक्षेत्र बनाई पत्रकारिता सेवामा आबद्ध पत्रकारहरूको सेवा प्रवर्द्धनका लागि पत्रकार क्षमता विकास कार्यक्रमको व्यवस्था गरिने छ ।
- बडीमालिका नगरपालिकाभित्र दर्ता तथा सूचीकृत भएका, बडीमालिका नगरलाई कार्यक्षेत्र बनाएर सञ्चालन भएका सञ्चार माध्यमहरूको क्षमता विकासका लागि आवश्यक सहयोगको नीति अवलम्बन गरिनेछ ।
- नगरबाट सहयोग प्राप्त गर्ने सञ्चार माध्यम मार्फत जनहितका सूचना तथा सन्देश प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- संचारकर्मीहरूको क्षमता अभिवृद्धि गर्न तालिम गोष्ठी एवम् अध्ययन अवलोकन भ्रमणमा सहभागी गराइनेछ ।
- पत्रकार महासंघको संस्थागत क्षमता विकासका आगि आवश्यक सहयोग गरिनेछ ।
- बडीमालिका नगरपालिकाभित्र स्थापना भई सञ्चालनमा रहेका एफ.एम् रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन खवरहरूसँग नियमित सहकार्य गरी संस्थागत क्षमता अभिवृद्धिमा सहयोग गरिनेछ ।
- स्थानीय स्तरमा सूचना संचारको विकाससँगै पत्रकारको सहयोगका लागि नगरपालिका स्थायी घर भई कम्तिमा १० बर्ष नियमिति पत्रकारिता गरिरहेको पत्रकारहरूको स्वास्थ्य वीमा मा आवश्यक सहयोग गरिनेछ ।
- बडीमालिका नगरपालिकाको सुशासनका क्षेत्रमा कलम चलाउने एक जना पत्रकारलाइ **सुशासन पत्रकारिता पुरस्कार** मार्फत पुरस्कृत गरिनेछ ।

## ३. सामाजिक विकास नीति

### शिक्षा

- नगरक्षेत्रभित्रका शैक्षिक संस्थाको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई समायोजन गरिने नीति लिइनेछ ।
- सिकाइ उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगर शिक्षा समिति, विद्यालय व्यवस्थापनसमिति, शिक्षक तथा कर्मचारीको क्षमता विकास एवम्म उत्कृष्ट विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गरिनेछ।
- नगरभित्र प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिई भौतिक संरचना भएका नगरका कुनै दुईवटा सामुदायिक माध्यमिक विद्यालयलाई कृषि तथा अन्य प्राविधिक शिक्षण संस्थाको रूपमा CTEVT को आङ्गिक शिक्षालयको विकास गर्न पहल गरिनेछ ।

- सवै माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको ईन्टरनेट सुविधा विस्तार गरी अनलाईन कक्षालाई व्यवस्थित गरिने छ ।
- विद्यालय अनुगमन नियन्त्रण प्रणालीलाईप्रभावकारी बनाइनेछ । यस आ.व.मा १४ वटा आधारभूत विद्यालयमा फेस ई-हाँजिरीको व्यवस्थापन गरिनेछ ।
- विद्यालयको भौतिक संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा समावेशी बनाइने छ ।
- सामुदायिक र संस्थागत अन्तर विद्यालय अनुभव आदानप्रदान गरी क्षमता विकास तथा सिकाई पद्धतिमा सामन्जस्यता कायम गर्न समन्वयकारी भूमिका खेलिनेछ ।
- जीर्ण रहेका विद्यालयको मर्मत सम्भार,भौतिक पूर्वाधार निर्माण सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- बडीमालिका नगर भित्रका शैक्षिक संस्थाहरूको रङ एकै प्रकारको लगाई आवश्यकता अनुसार रेलिङ ग्रिल तथा फर्निचरको व्यवस्था गरिनेछ ।
- बालविकास केन्द्रका सहयोगी कर्मचारी र विद्यालय कर्मचारीलाई नगरपालिकावाट व्यहोरिने पारिश्रमिक र क्षमता विकास तालिमको लागि आवश्यक पहल गरिने छ ।
- माध्यमिक विद्यालयका छात्रालाई महिनावारी समयमाविश्रामका लागि विश्राम कक्ष निर्माण गरिनेछ ।
- विद्यालयमा बालक्लव गठन गरी बालमैत्री वातावरणको सृजना गरिने छ
- शिक्षित वेरोजगार समस्या समाधानका लागि लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा प्रहरी आर्मी र सशत्र प्रहरी प्रशिक्षण कक्षा सञ्चालन गरी राष्ट्रसेवा गर्ने अवसर प्रदान गर्न सहजीकरण गरिनेछ ।
- विद्यालयको मासिक प्रतिवेदन, मागफारम कार्यक्रम, माग शैक्षिक तथ्याङ्क आदि अनलाइन प्रणालीवाट पठाउने व्यवस्था मिलाईने छ ।
- विपद्का कारण हुन सक्ने शैक्षिक क्षतिलाई न्यून गर्न अतिरिक्त समय व्यवस्थापन गरी पठनपाठनको व्यवस्था मिलाईने छ ।
- संस्थागत विद्यालयद्वारा विद्यार्थीलाई प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृतिाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोट तथा सरूवाको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ ।
- विद्यालयलाई जंकफुडवाट मुक्त राख्दै किचन गार्डेनको रूपमा विकास गरी स्थानीय उत्पादनको प्रयोगमा जोड दिन घर घरमै बनेका स्वास्थ्यवर्धक खाजाको प्रयोगलाई प्रोत्साहन गरिने छ ।
- सामुदायिक विद्यालयका शैक्षिक गुणस्तरमा सुधार ल्याउन सिकाइ आदान प्रदानका लागि प्रधानाध्यापनहरूको घुम्ती बैठक सञ्चालन गरिनेछ ।
- विद्यार्थीलाई स्थानीयकला, सँस्कृति रीतिरिवाज, परम्परा झल्कने साँस्कृतिक कार्यक्रममा सहभागी गराइ साँस्कृतिक ज्ञानको अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।
- स्थानीय डोको, नाम्लो बुन्ने, हलो बनाउने जस्तापरम्परागत सीप हासिल गर्न तथा कुटोकोदालो गर्ने, खेतीपाती गर्ने, जमिन खन्ने जस्ता प्रयोगात्मक क्रियाकलापहरू विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापसँगै जोडेर सञ्चालन गर्ने नीति लिइनेछ ।

- दरबन्दी कम भई पठनपाठनमा समस्या रहेका विद्यालयमा नगर स्वयमसेवकको रूपमा पढाउदै आएका नगरस्वयम् सेवक शिक्षकलाई कार्यसम्पादनका आधारमा नगरपालिकाको शिक्षक अनुदान कोटामा रूपान्तरण गरी कार्यान्वयन गरिदै लगिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक माविहरूका लागि घुम्ती खेल तथा साँस्कृतिक नृत्य प्रशिक्षणका लागि १/१ जना प्रशिक्षकको व्यवस्था गरिनेछ ।
- विद्यालयमा प्राथमिक स्वास्थ्य उपचार, यौन प्रजनन शिक्षा तथा प्राथमिक उपचार विधि सञ्चालनका लागि हाल मालिका माविबाट स्वास्थ्यकर्मी कार्यक्रम लागू गरी महिला नर्स प्रशिक्षक भर्ना गरिने छ ।
- उच्च शिक्षा पढ्न चाहेर पनिआर्थिक अभावका कारण पढाइबाट बन्चित जेहेन्दार विद्यार्थीका लागि छात्रवृति कोषको व्यवस्था गरी उच्च शिक्षा अध्ययनको ब्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनको लागि आफ्ना बालबालिकालाई पठाउने सरकारी कार्यालय तथा सामाजिक संघसस्थामा कार्यरत कर्मचारी, सामुदायिक तथा सँस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूलाई प्रोत्साहन गर्न उचित पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- वालविकास केन्द्रलाई भौगेलिक दुरी, वालबालिको सख्या हेरी आवश्यकताअनुसार बालविकास केन्द्र थप एवम् समायोजन गर्नका साथै वालविकास केन्द्र सहजकर्ताको आवश्यक योग्यता निर्धारण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**स्वास्थ्य**

- विपन्न नागरिकलाई तत्काल स्वास्थ्य उपचारका लागि जिल्ला अस्पतालको सिफारिशमा नगर क्षेत्रभित्र निशुल्क एम्बुलेस सेवा उपलब्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- कोभिड-१९ लगायत विभिन्न महामारीजन्य रोगहरू रोकथाम तथा नियन्त्रणका लागि परीक्षणलाई सुलभ र प्रभाकारी बनाउन सम्बन्धित निकाय तथास्वास्थ्य संस्थाहरूसँग समन्वय र सहकार्यका लागि प्रभावकारी कदम चालिने छ ।
- सबै स्वास्थ्य संस्थाहरूमा इन्टरनेट पहुँचको विस्तार गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरूबाट सेवा गर्न सक्ने उमेर हद ५५ वर्ष कायम गरिने छ । साथै नगरस्तरीय महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई प्रोत्साहन गर्न मासिक प्रोत्साहन भत्ताको व्यवस्थाका साथै अवलोकन भ्रमणमा समावेश गरिनेछ ।
- सहयोगी साझेदार निकायको समन्वय र सहयोगमा अवश्यकता र औचित्यका आधारमा बर्षमा एक पटक बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- नगरपालिकाभित्र स्थायी बसोबास भएका व्यक्तिहरूमा उमेर वा अन्य कारणले हुने मोतीबिन्दुकोनिःशुल्क शल्यक्रियाका लागि गेटा आँखा अस्पतालसँग सहकार्य गरी सञ्चालन कार्यक्रमलाई निरन्तरतादिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित आयुर्वेदिक स्वास्थ्य केन्द्रसंग समन्वय गरी स्थानीय जडिवुटी औषधी प्रवर्द्धन कार्यक्रम तथा वडा स्तरमा आर्युवेद गाँउघर क्लिनिक स्थापनाका लागि पहल गरिनेछ ।
- मानसिक तथा मनो-सामाजिक स्वास्थ्यको अभिवृद्धी तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा उपचारको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्ने नीति लिइनेछ ।
- म मात्र होइन मेरो सन्ततीलाई स्वस्थ बनाउछु भन्ने कार्यक्रम सञ्चालन गरी भान्सा तथा खानपिन सुधारका लागि आवश्यक अन्तरक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य इकाईहरूबाट वाह्रै महिना सेवा प्रबाह, औषधी आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्थाको पहुँचभन्दा टाढा रहेका बस्तीहरू बनपा ७ ढम्कने, ब.न.पा. १ सल्लेना र बनपा ८ रापकमा शहरी स्वास्थ्य केन्द्र थप गरी स्वास्थ्य सेवा सञ्चालनमा ल्याइनेछ ।

**युवा तथा खेलकुद**

**''जोड स्वरोजगारीमा, सम्भावना हरेक गाउँमा''** भन्ने मुल नाराका साथ स्वस्थ, सकारात्मक सोच, उद्यमशील, सिर्जनशील अधिकारप्रति सचेत, कर्तव्यप्रति प्रतिबद्ध, ऊर्जावान युवा शक्तिको विकास र परिचालन गरि राष्ट्रिय लाभलाई सार्थक हुने गरी नीति कार्यक्रम तर्जुमा गरि लागू गरिनेछ । युवाहरूको प्रविधि,उद्यम, व्यवसाय, र नीति निर्माणमा अर्थपूर्ण पहुँच स्थापित गराईनेछ ।

- नगरक्षेत्रका वेरोजगार युवाहरूलाई रोजगारीका अवसर प्रदान गर्न नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- रोजगार सूचना केन्द्रमा सूचिकृत दक्ष, अर्धदक्ष र अदक्ष वेरोजगारहरूको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि युवा लक्षित कार्यक्रम तथा खेलकुद विकास कार्यक्रमलाई जोड दिइने छ ।
- वडा नं. ८ को मार्तडीमा रहेको कवर्डहल तथा सुविधा सम्पन्न राष्ट्रिय स्तरको खेल मैदान बनाउन प्रदेश तथा संघिय सरकारसँग साझेदारी गरिनेछ ।
- नगरपालिकाका सवै वडाहरूको सहभागिता रहने गरी नगरस्तरमा मेयरकप फुटवल प्रतियोगिता र उपमेयर कप भलिवल प्रतियोगिता सञ्चालन गरिनेछ ।
- बडीमालिकाका वालवालिकाको प्रतिभा, क्षमता विकासका लागि बडीमालिका प्रतिभा पहिचान तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।
- एक वडा एक खेल मैदानको योजना बनाई लागु गरिनेछ ।
- स्वस्थ र सभ्य युवा समाज निर्माणका लागि विविध किसिमका हिंसा, अराजकता, दुर्व्यसनी विरूद्ध अभियान सञ्चालन गरिनेछ ।
- सुशासन, स्वास्थ्य सचेतना, सरसफाई विपद् व्यवस्थापन, बातावरण संरक्षण, सामाजिक कुरीति र अन्धविश्वास विरूद्धको सामाजिक जागरणका लागि हरेक वडा र नगर स्तरीय युवा क्लव गठन गरिनेछ ।

**लैङ्गिक समानता तथा समाजिक समावेशीकरण**

**महिला विकास**

- नेपालको संविधानले महिला तथा वालबालिकाको हक अधिकार सम्बन्धमा प्रत्याभूत गरेका सवै अधिकारहरूको कार्यान्वयन गर्दै लगिनेछ ।
- महिलाहरूको नेत्तृत्व, सीप विकास, तथा महिला सशक्तिकरणका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- नगरक्षेत्रभित्रका ४५ बर्ष पूरा भएका एकल अविवाहित महिला तथा ५० वर्ष पुरा भएका एकल अविवाहित पुरूषहरूको तथ्याङ्क संङ्कलन गरी **अविवाहित एकल महिला तथा एकल पुरूष स्याहार** भत्ताको प्रबन्ध मिलाइनेछ ।
- शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाहरूको पँहुच वृद्धि गरिदै लगिनेछ ।
- महिलामाथि हुने सवै प्रकारका हिंसालाई निरूत्साहित गर्न लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य योजना अनुरूपका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन गर्न साझेदार संस्थासँग समन्वय गरिनेछ ।
- **"महिलाको साथमा उपमेयर"** कार्यक्रम तर्जुमा गरी महिला सम्वन्धी लाग्ने जोखिम रोगहरूको उपचारमा सहयोग गरिने छ ।
- एकल महिलाहरूका लागि सीप तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला समूह, समितिको माध्यमबाट महिला सशक्तीकरणका लागि महिला सहकारी स्थापना तथा त्यस्ता सहकारीको प्रवर्द्धनमा जोड दिइने छ ।
- महिलाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउन महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायमा लाग्ने शुल्कमा ३० प्रतिशतले छुट दिने नीति अवलम्बन गरिनेछ ।

**बालबालिका**

- बाल क्लबको गठन र पुनर्गठन गरी नगर स्तरीय बाल सञ्जाललाई प्रभावकारी परिचालनमा जोड दिइने छ ।
- बालमैत्री नगर बनाउन आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- बालबालिकाहरूको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, रचनात्मक र अनुसन्धानात्मक क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ ।
- अदृश्य रूपमा कानुन विपरीत बालविवाह रोक्ने तथा बालश्रम शोषणलाई निरूत्साहित गरिने नीति लिइने छ ।
- अनाथ बालबालिका संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई उनीहरूको शिक्षा तथा आवासका लागि विभिन्न साझेदार निकाय तथा सामाजिक संस्थासँग सहकार्य गरिनेछ ।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिक आराम तथा भेटघाट गृह निर्माण गर्ने कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ ।
- महामारी, संक्रमण जोखिमको अवस्था विश्लेषण गरी जेष्ठ नागरिकमिलनका लागि स्थानीय, ऐतिहासिकतथा साँस्कृतिक महत्वका क्षेत्रहरूमा भ्रमण गर्ने प्रचलनको विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपाङ्गता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिहरूको प्रोफाइल तयार गरी अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा नेतृत्वदायी क्षमता विकासमा जोड दिइने छ ।
- सार्वजनिक तथा सामुदायिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री बनाउन जोड दिइने छ ।
- पूर्ण अपाङ्ग भई साहारा विहीन अपाङ्गहरूलाई थप सहयोग गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्ग वा फरक शारीरिक अवस्था भएकाहरूलाई ह्वेलचेयर लगायत विभिन्न सामग्रीहरूको सहयोग गरिने छ ।

**उत्पीडित तथा दलित उत्थान**

- परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रोत्साहन गरिनेछ ।

- दलित उत्थानका लागि आवश्यक प्रोफाइल तयार पारि विपन्न दलित परिवारलाई जिविकोपार्जन कार्यक्रम गर्न समन्वय तथा सहयोग गरिनेछ।
- छुवाछुत अन्त्यका लागि विशेष पहल गरिनेछ।

**आदिवासी जनजाति उत्थान**

- नगरपालिकाभित्र रहेका जनजाति विषेशतः भोटे समुदायको उत्थान तथा सहयोगका लागि बडीमालिका आदिवासी जनजाति उत्थान समन्वय समिति गठन गरी जनजाति उत्थान कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ।
- जनजाती भोटे समुदायलाई लक्षित गरी सिजनल बसाई सराइका कारण बालबालिकाको पठन पाठन , खुला आकासमुनी बस्नुपर्ने बाध्यता तथा भेडाबाखा चरिचरनको समस्यालाई न्यूनीकरण गर्न आवश्यक सहजीकरण तथा सहयोग गरिने छ।

**४. वन तथा वातावरणः**

- **''समृद्धीको लागी वन''** भन्ने नारालाई सार्थक बनाउन सार्बजनिक खाली जग्गा, पाखा क्षेत्रहरूमा वृक्षारोपण गरी हरियाली बनाईनेछ । जडीबुटी, गैरकाष्ठ, बन पैदावारको संरक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन र बजारीकरण गर्ने नीति लिइनेछ।
- जलवायु परिवर्तनबाट हुन सक्ने सम्भाव्य जोखिम न्यूनिकरणका लागि जलवायु अनुकुलन योजना तर्जुमा गरि कार्यान्वयन गर्नुको साथै वातावरण मैत्री कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल तथा समन्वय गरिने छ।
- नदीखोल्सा किनारको दुवै तर्फको कम्तीमा २० मिटर वरपर रूख तथा वोटविरूवा कटानमा पूर्ण प्रतिवन्ध लगाईनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका ताल तलैया र सिमसार क्षेत्रहरूको पहिचान र संरक्षण गरी पर्यावरण सन्तुलन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
- डिभिजन वन कार्यालयको समन्वयमा एक नर्सरी स्थापना गरी बिरूवा उत्पादन, वितरण, रोपण गर्ने नीति लीईनेछ।
- जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने नीति अवलम्बन गरिनेछ।
- **एक रूख कटान गर्दा दुई रूख रोपण** कार्यक्रम कार्यान्वयन गर्न सामुदायिक वनसँग समन्वय गरी पहल गरिनेछ। जन्म तथा अन्य उत्सवमा वृक्षारोपण गर्न इच्छुक व्यक्तीहरूको लागि दुई विरूवा उपहार कार्यक्रम सञ्चालन गरिने छ।

**विपद् व्यवस्थापन**

- विभिन्न समयमा आएको वाढी पहिरोको कारण विपद्जन्य घटना सिर्जना हुदा खोज, राहात र उद्धारका कार्यहरू सरोकारवाला निकायको सहयोगमा पीडितलाई आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- वाढी पहिरोवाट क्षतीग्रस्त संरचनाहरूको समयमै मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछ।
- विपद्को समयमा विपद् (बाढी, पहिरो, भूःक्षय, आगलागी,अन्य) प्रभाव न्यूनिकरणका लागि प्रत्येक वडामा विपद्उद्धार टोली गठन गरी तालिम प्रदान गरीने छ।

- भूकुम्प, बाढी पहिरो, आगलागी जस्ता विपद्बाट प्रभावित जनताको उद्धार र पुनर्स्थापना तथा विपद्जोखिम न्युनिकरणका लागि विपद्जोखिम कोष वृद्धि गरि विपद्मा परेका नागरिकहरूलाई उद्धार तथा राहत उपलब्ध गराइनेछ ।
- मानवीय तथा पशुपन्छीहरूमा देखापर्नसक्ने महामारी नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- विपद्बाट हुन सक्ने जोखिमलाई नक्सांकन गरी त्यस्ता बस्तीहरूको स्थानान्तरण गरी एकीकृत वस्ती विकास योजना निर्माणका लागि पहल गर्नुका साथै विपद् व्यवस्थापनको लागि 3C को सिदान्त (समन्वय, सहयोग तथा नियन्त्रण) अवलम्बन गरिनेछ ।

**सरसफाई तथा फोहर व्यवस्थापन**

- नगरक्षेत्रबाट उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट, फोहर बग्ने नालीहरूको टिटमेन्ट प्लान्ट बनाउन सम्भाव्यता अध्ययन गरी सोही अनुसारको कार्य अगाडि बढाइने छ ।
- स्वच्छ तथा सरसफाइयुक्त बडीमालिका नगर निर्माण अभियान साकार पार्न बर्षको एक हप्तालाई सरसफाई सप्ताह घोषणा गरी सरसफाइका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन ।
- नगरपालिकाभित्र प्लास्टिक झोलालाई पुर्णरूपमा निरूत्साहित गरी स्थानीय बस्तुबाट बनेको झोला प्रयोगमा ल्याउने नीति लिइनेछ ।

**भूमि व्यवस्था**

- सुकुम्बासी सम्बन्धी जीविकोकोपार्जन र बसोबास व्यवस्थापनका लागि पहल गरिनेछ ।
- भूमिहीन सुकुम्बासीहरूले हाल बसोवास एवम् चलनभोग गर्दै आएको ऐलानी जग्गालाई लालपुर्जा प्रदान गर्न आवश्यक पहल गरी उनीहरूको अन्य पूर्वाधारमा पहुँच पुर्‍याउन सहयोग गरिनेछ ।
- भू उपयोग नक्सा, तथ्याङ्क र भू उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।
- सडक कायमभई घर निर्माण भईसकेका तर हालसम्म लगत कट्टा हुन नसकेका सडक लगत कट्टाको लागि सम्बन्धित निकायसंग समन्वय गरिनेछ ।
- नगरपालिका भित्र अतिक्रमण भएका सार्वजनिक जग्गाहरूको लगत अद्यावधिक गरिने छ । अतिक्रमणमा परेका ऐतिहासिक महत्वका क्षेत्रहरूलाई प्राथमिकता दिई सार्वजनिक जग्गाको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

**शासन प्रणाली, संस्थागत विकास,सेवा प्रवाह सुशासन प्रबर्द्धन सम्बन्धी नीतिः**

- संविधान प्रदत्त अधिकारको कार्यान्वयन एवम् स्थानीय सरकार सञ्चालनका लागी आवश्यक नयाँ कानुनको तर्जुमा, हालसम्म बनिसकेका कानुनहरूको समय सापेक्ष संसोधन गरिदै लगिनेछ ।
- बडीमालीका नगरप्रशासनलाई स्वच्छ, सक्षम निस्पक्ष, पारदर्शी, जनमैत्री एवम् सेवामुखी बनाइनेछ ।
- नगरपालिकाको आवश्यकता, कार्यवोझको आधारमा संगठन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्ने नीति लईिनेछ ।

- नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख, विषयगत शाखा प्रमुखले मातहतका कर्मचारीसंग कार्य विवरण सहित कार्यसम्झौता सम्पादन गरी कर्मचारीको जवाफदेहीता अभिवृद्धि गरिनेछ ।
- कार्यसम्पादनमा आधारित पुरस्कार एवम् दण्ड प्रणाली अवलम्बन गरिनेछ ।संस्थागत सुशासन प्रवर्द्धनका लागि भ्रष्ट्राचार विरूद्ध शून्य शहनशीलताको सिद्धान्त अपनाइनेछ ।
- नगर विकास गतिविधि तथा योजना तर्जुमालाई अझवढी यथार्थपरक एवम् तथ्याङ्कमा आधारित वनाउन नगरको विविध क्षेत्रका तथ्याङ्क, सूचनाहरूको सङ्कलन एवम्म अद्यावधिक गरी नगरक्षेत्रका सवै प्राकृतिक, धार्मिक, सांकृतिक एवम् सम्पुर्ण स्रोतहरूको यथार्थ चित्र देखिने स्रोत नक्सा सहितको डिजिटल नगर पार्श्वचित्र तयार गरिनेछ ।
- बडीमालिका नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास निर्माणका गतिविधिहरूको प्रभावकारी अनुगमन एवम्म जन सम्पर्क कायम गर्न नगर प्रमुख सचिवालयद्धारा हेलो मेयर टोल फ्रि नंम्बर सञ्चालनमा ल्याई नगरबासीबाट प्राप्त हुने सल्लाह, सुझाव र गुनासोहरू सिधै सम्वोधन गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यालय,मातहतका सम्पूर्ण कार्यालयमा गुनासो सुन्ने अधिकारी र समावेशी नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको संस्थागत विकास, जनप्रतिनिधि एवम् कर्मचारीको क्षमता विकासका लागि **नगर क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन** गरिने छ ।
- कर्मचारीको संस्थागत आचारसंहिता, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।
- जनप्रतिनिधीहरूको क्षमता विकास एवम् अनभुव आदान प्रदानको लागि अन्तर नगरपालिका भ्रमण एवम् कर्मचारीलाई आन्तरिक पर्यटन प्रवर्द्धनका लागि बर्षको एक पटक ७ दिनको आन्तरिक पर्यटन भ्रमण काजको व्यवस्था मिलाईने छ ।
- सार्वजनिक खरिद प्रणालीमा स्वच्छता, पारदर्शिता, प्रतिस्पर्धा, मितव्ययिता, विश्वसनीयता कायम गर्न वार्षिक खरीदयोजना तर्जुमा गरी पुर्ण कार्यान्वयन गरिने छ ।
- विकास आयोजनाहरूको ठेक्का पट्टा तथा सम्झौता निर्धारित समयभित्रै सम्पन्न गरिने छ । विद्युतीय बोलपत्रको पूर्ण रूपमा प्रयोग गरीनेछ ।
- सेवा प्रवाहलाइ नागरीकमैत्री बनाउन वर्षको कम्तिमा एक पटक एकीकृत घुम्तीसेवा शिविर सञ्चालन गरिने छ ।
- अव्यवस्थित मदिरा विक्री वितरण प्रक्रियालाई व्यवस्थित बनाउन मदिरा तथा सूर्तिजन्य पदार्थ विक्री वितरण नियन्त्रण सम्बन्धी नीति बनाई कार्यान्वयन गरिनेछ ।
- स्थानीय न्याय प्रशासनबाट छिटोछरितो, निस्पक्षन्याय सम्पादनका लागि आवश्यक स्रोत, साधन र संयन्त्रको प्रबन्ध मिलाई न्यायिक समिति सचिवालय नियमित सञ्चालनमा ल्याइनेछ ।
- न्याय सम्पादनमा आबद्ध जनशक्तीको क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

- हिंसा पीडित महिलाहरूको पुनःस्थापना, उद्धार र निःशुलक कानुनी उपचारका लागि सेफ हाउस मार्फत सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।
- समग्र नगर सुरक्षा व्यवस्थापनका लागि यसै वर्ष नगर प्रहरी सेवा गठन गरी सञ्चालनमा ल्याइनेछ ।
- नगरपालिकाको समग्र आर्थिक, सामाजिक, पर्यावरणीय संस्थागत तथा शुसासन प्रवर्द्धनका लागि युनिसेफ, जि आइ जेड, युएनएफपिए, सहास नेपाल, आइ एन एफ सेतो गुराँस लगायत अन्य विकास साझेदारहरूलाइ आह्वान एवम् उचित कार्यवातावरण सिर्जना गरी साझेदारी विकासलाई तिव्रता दिइनेछ ।
- नगरपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तरगत सम्पूर्ण राजस्वका क्षेत्रहरूको पहिचान गर्न राजश्व सङ्कलनको सम्भाव्यता अध्ययन गरी करको दायराभित्र ल्याइनेछ ।
- सामाजिक न्याय कायम गर्न प्रगतिशील कर प्रणालीको अवलम्बन गरी कर प्रशासनलाई स्वच्छ पारदर्शी, जनमैत्री र सेवामुखी बनाउन प्रविधिमैत्री बनाइनेछ ।
- करको दायरा बिस्तार एवम् जनताले तिर्नसक्ने क्षमताको आधारमा करका दरहरू समायोजन गरिनेछन् ।
- विद्युतीय राजस्व भुक्तानी प्रणालीलाई वडास्तरमा विस्तार गरी राजस्व चुहावटलाई पूर्ण रूपमा नियन्त्रण गरिनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, घर बहाल कर, ब्यवसाय कर र विज्ञापन करलाई एकीकृत रूपमा आबद्ध गरिनेछ ।
- राजस्व सङ्कलनमा वृद्धि ल्याउन, कर सचेतना अभिबृद्धि गर्न आ व ०७९/८० लाइ **'बडीमालिका नगर कर सङ्कलन अभियान वर्ष '** को रूपमा मनाइनेछ ।
- लक्ष्य अनुरूप सम्पत्तिकर, वहाल कर, वहाल विटौरी शुल्क लगायतका कर संङ्कलनमा सकारात्मक वातावरण सृजना गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाभित्र उच्चतम तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलिइनेछ ।
- नगरपालिका क्षेत्रमा संचालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउनका लागि प्रत्येक वर्ष असोज मसान्त भित्र व्यवसाय कर तिर्नेलाई १० प्रतिशत छुटको व्यवस्था मिलाईनेछ ।

अन्तमा, बडीमालिका नगरपालिकाको समग्र विकासमा योगदान गर्ने राजनैतिक दल, जन प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, नागरिक समाज, उद्योगि व्यापारी, विकास साझेदारका रूपमा रहनुभएका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरू, पत्रकार वन्धु, सुरक्षा कर्मी, श्रमिक वर्ग, लगायत सम्पुर्ण नगरबासी आमा बुवा दाजुभाई तथा दिदी बहीनीहरू प्रति हार्दिक आभार व्यक्त गर्दै विदाहुन्छु ।

**धन्यवाद!**